आज मिति २०७९ असार २२ गते बुधवारको दिन बिहान ९:३० बजे यस परिवर्तन गाउँपालिकामा चौथो कार्यकालको लागि निर्वाचित भई आए पश्चात गाउँकार्यपालिकाको प्रथम बैठक गाउँपालिकाको अध्यक्ष श्री सुक बहादुर बुढामगर ज्यूको अध्यक्षतामा कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा वसी तपशिलको प्रस्तावहरु माथि छलफल गरी देहायका निर्णय गरियो ।

## उपस्थिति

| क.स. | पदाधिकारीहरुको नाम | पद | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री सुक बहादुर बुढामगर | गा.पा अध्यक्ष | अध्यक्ष | |
| २ | श्री कलादेवी खत्रिनी | गा.पा.उपाध्यक्ष | सदस्य | |
| ३ | श्री मैते बुढामगर | १नं.वडा अध्यक्ष | सदस्य | |
| ४ | श्री हरिप्रसाद बुढामगर | २नं.वडा अध्यक्ष | सदस्य | |
| ५ | श्री खिम विक्रम चन्द | ३नं.वडा अध्यक्ष | सदस्य | |
| ६ | श्री मानसिं बुढा | ४नं.वडा अध्यक्ष | सदस्य | |
| ७ | श्री दिल बहादुर वली | ५नं.वडा अध्यक्ष | सदस्य | |
| ८ | श्री भरत कुमार बुढा | ६नं.वडा अध्यक्ष | सदस्य | |
| ९ | श्री उत्सिपा वि.क. | कार्यपालिका सदस्य | सदस्य | |
| १० | श्री जुनो कुमारी बुढामगर | कार्यपालिका सदस्य | सदस्य | जुनो |
| ११ | श्री विष्णु राना (पुन) | कार्यपालिका सदस्य | सदस्य | |
| १२ | श्री फर्मिला महर | कार्यपालिका सदस्य | सदस्य | |
| १३ | श्री मोहविर वि.क | कार्यपालिका सदस्य | सदस्य | |
| १४ | श्री थमे कामी | कार्यपालिका सदस्य | सदस्य | |
| १५ | श्री ध्रुव राज न्यौपाने | नि.प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

आमन्त्रित :

- श्री विनोद वि.क. – रोजगार-संयोजक
- श्री ललित कुमार बुढामगर-सहायक पाचौ
- श्री हरिष चन्द्र डाँगी-सहायक पाचौ (लेखा)
- श्री खगेन्द्र कुमार बुढामगर-सव इन्जिनियर
- श्री नोखिराम डाँगी-कार्यालय सहयोगी

**मिति २०७९।०३। २२ गते बसेको चौथो कार्यपालिका बैठकका निर्णयहरु :**

**प्रस्तावहरुः**

१.स्थानीय तहको न्युनतम दररेट निर्धारण सम्वन्धमा

२.लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा मुलप्रवाहीकरण रणनीति २०७८ स्वीकृत सम्वन्धमा ।

३.प्रधानमन्त्रि रोजगार कार्यक्रमको वडागत वजेट सिमा निर्धारण सम्वन्धमा ।

४.विविध सम्वन्धमा ।

**निर्णय नं.१**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १३ वमोजिम आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला,भाडा, तथा महसुलको स्थानीय न्युनतम दररेट निर्धारण गर्ने व्यवस्था अनुसार यस परिवर्तन गाउँपालिकाले आ.व.२०७९।०८० को लागि स्थानीय न्युनतम दररेट निर्धारण गत आ.व.को स्थानीय न्युनतम दररेटमा केही संसोधन सहित पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.२**

लैङ्गिक विभेद र सवैप्रकारका जातिय छुवाछुतको अन्य गर्ने तथा आर्थिक समानता,समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामुलक समाजको निर्माण गर्ने उद्देश्यको साथ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तथा मुलप्रवाहिकरण रणनीति २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.३**

परिवर्तन गाउँपालिकाको लागि आ.व.२०७९।०८० मा प्रधानमन्त्री रोजगार कार्यक्रम कार्यन्वयन गर्नको लागि प्रधानमन्त्री रोजगार कार्यक्रम रोजगार सेवा केन्द्रमा सुचिकृत कुल १८२८ जना वेरोजगार व्यक्तिहरुलाई रोजगार उपलव्ध गराउनको लागि युवारुप (आइ.डि.ए) वाट प्राप्त रु २३ लाख ४७ हजार र नेपाल सरकार मार्फत रु ७२ लाख १८ हजार गरी जम्मा रु ९५ लाख ६५ हजार रकमलाई वडागत रुपमा देहायवमोजिमको वजेट सिमा निर्धारण गरियो,सो वजेटवाट वडागत योजनाको प्रस्ताव सहित गाउँपालिकामा यथासिघ्र पठाउने निर्णय गरियो ।

| वडानं. | सुचिकृत वेरोजगार संख्या | आई डी ए वाट विनियोजन वजेट मध्येवाट ६० प्रतिशत | नेपाल सरकारवाट विनियोजन वजेट मध्येवाट ६० प्रतिसत | कार्य सम्पादन आई डी ए वाट वजेट विनियोजन | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

प्रमाणित

ध्रुव राज न्यौपाने
प्रशासकीय अधिकृत

निर्णय नं.४

परिवर्तन गाउँपालिकाको आ.व.२०७९।०८० मा कार्यन्वयन गर्नको लागि समपुरक शिर्षकमा विनियोजित वजेटवाट प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि निर्माण सम्वन्धि कच्चा वस्तुहरु खरिद गर्नको लागि रु १२ लाख विनियोजन गरी प्रति वडामा रु २ लाखको दरले प्रधानमन्त्री रोजगार कार्यक्रमको योजना निर्माण गर्दा आवश्यक पर्ने कच्चा वस्तुहरु खरिद गर्न म्याचिङ गर्ने निर्णय गरियो ।

निर्णय नं.५

स्थानीय तह निर्वाचन २०७४ वमोजिम निर्वाचित भई आउनु भएका जनप्रतिनिधिहरुको पदावधि समाप्त भई स्थानीय तह निर्वाचन २०७९ वाट निर्वाचि भई दोस्रो कार्यकालको लागि आउनु भएका जनप्रतिनिधिहरुले मिति २०७९।२।६ गते देखि पदभार गरे पश्चात हालसम्म भएका गाउँसभा सहित अन्य कार्य प्रगति सकारात्मक भएको समिक्षात्मक गरियो । साथै आ.व.२०७८।०७९को वार्षिक समिक्षा कार्यक्रम मिति २०७९।०४।२५ र २६ गते संचालन गर्ने निर्णय गरियो ।

**मिति २०७९।०३। २२ गते बसेको चौथो कार्यपालिका बैठकका निर्णयहरु :**

निर्णय नं.६

परिवर्तन गाउँपालिका घ वर्ग निर्माण व्यवसायी ईजाजतपत्र कार्यविधि २०७५ को दफा १० वमोजिम इजाजत पत्र प्रदानको लागि प्राप्त दरखास्तलाई गाउँकार्यपालिकाको वैठकमा पेश गर्दा घ वर्ग, निर्माण व्यवसायी ईजाजतपत्र प्राप्त गर्ने निर्माण व्यवसायीहरुको आवश्यक कागजात सम्वन्धि रित पुगेकोले तपसिलका निर्माण व्यवसायीहरुलाई घ वर्गको ईजाजत पत्र उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल

| क्र.स. | दरखास्त वाला निर्माण व्यवसायको नाम | प्रोपाइटरको नाम | ठेगाना |
|---|---|---|---|
| १ | एन्जी कन्ट्रक्सन एण्ड कन्सल्टेन्ट प्रा.लि. | कृष्णा बुढा | परिवर्तन -१ रोल्पा |
| २ | माईस्थान मल्टी बिजनेस सोलुसन एण्ड कन्ट्रक्सन प्रा.लि. | दिपा छन्त्याल(पुन) | परिवर्तन -४ रोल्पा |
| ३ | सान्वी एण्ड कम्पनी प्रा.लि. | धन बहादुर बुढामगर | परिवर्तन -४ रोल्पा |

ध्रुव राज न्यौपाने
नि. प्रमुख प्रशासकीय अधिकृत